मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

शुभकामना

'समान हिस्सेदारीको आत्मसाथ (Embrace Equity) भन्ने नारासहित विश्वभर र "सम्बृद्ध नेपाल सुखी नेपाली महिलालाई शिक्षा सिप र रोजगार" लैङ्गिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार मुल नाराका साथ नेपालमा आज फागुन २४ (८ मार्च) मा मनाउँदै गरिएको ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा कोशी प्रदेश लगायत देश विदेशमा रहनुहुने सम्पुर्ण आमा, दिदिबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

आजका दिन संसारभरि विभिन्न कार्यक्रमहरु गरेर सामाजिक, आर्थिक एवम् साँस्कृतिक विकासका धेरै आयामहरुमा महिलाहरुको सक्रिय सहभागिता अनि नेतृत्वको प्रशंसा गरिन्छ। लैङ्गिक समानतालाई केवल एउटा अभियान मात्र नभएर युगान्तकारी र गौरवशाली उदाहरणका रुपमा विकसित गर्न जरुरी हुन्छ। महिलाको काख, स्नेह र मायामा मानव जीवनका अवयवहरु चलायमान हुन्छन्। "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता" अर्थात "जहाँ नारी पूजिन्छिन् त्यहाँ देवता रम्दछन्"। हामी नेपाली आमा, दिदीबहिनीहरुप्रति अथाह स्नेह र प्रगाढ माया प्रकट गर्ने संस्कारबाट हुर्किदै आएका छौं। चाहे हामी महिला हौं या पुरुष, नारी समानता, अवसर र सहभागिताका लागि हाम्रो भूमिका उत्तिकै महत्वपूर्ण छ।

अन्त्यमा, नारी र पुरुषका समान उर्जा र सहकार्यका माध्यमबाट समाजका हरेक आयामहरुमा सकारात्मक परिवर्तनका लहरहरु बढ्दै जाउन्, सम्पूर्ण आमा, दिदीबहिनीहरुमा प्रगति र सफलताको कामना गर्दछु।

..............................

हिक्मतकुमार कार्की

मुख्यमन्त्री

मुख्यमन्त्री

मिति : २०७९ फागुन २४ गते बुधबार

(८ मार्च, २०२३)